मितिः- २०८१।०९।२२ गते

स्थानः- कालिगण्डकी गाउँपालिकाको कार्यालय सभा कक्ष, गुल्मी।

समयः- विहान १०:३० बजे

कालिगण्डकी गाउँपालिकाका अध्यक्ष **श्री वेद बहादुर थापा** ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकको उपस्थिति र निर्णयहरु।

| क्र.स. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री वेद बहादुर थापा | |
| २. | उपाध्यक्ष | श्री मन्जु कुमारी दर्लामी | |
| ३. | १.नं. वडा अध्यक्ष | श्री लालु प्रसाद पाण्डे | |
| ४. | २.नं. वडा अध्यक्ष | श्री रेशम राज न्यौपाने | |
| ५. | ३.नं. वडा अध्यक्ष | श्री रुप बहादुर श्रीस | |
| ६. | ४.नं. वडा अध्यक्ष | श्री होम बहादुर थापा | |
| ७. | ५.नं. वडा अध्यक्ष | श्री दान बहादुर राना | |
| ८. | ६.नं. वडा अध्यक्ष | श्री पूर्ण बहादुर थापा | |
| ९. | ७.नं. वडा अध्यक्ष | श्री घनश्याम थापा | |
| १०. | कार्यपालिका सदस्य | श्री केशरी तिमिल्सीना पाण्डेय | |
| ११. | कार्यपालिका सदस्य | श्री गुनुमाया विश्वकर्मा | — |
| १२. | कार्यपालिका सदस्य | श्री मेनुका न्यौपाने | — |
| १३. | कार्यपालिका सदस्य | श्री सीता कुमारी थापा | — |
| १४. | कार्यपालिका सदस्य | श्री अमर बहादुर विश्वकर्मा | — |
| १५. | कार्यपालिका सदस्य | श्री मिना परियार | — |
| १६. | प्रमुख प्रशासकीय अधिकृत | श्री नरेश गिरी | |
| १७ | योजना शाखा प्रमुख | श्री चोक बहादुर श्रीस | |
| १८ | लेखा शाखा प्रमुख | श्री होबनाथ पौडेल | |
| १९ | आलेप | श्री गोविन्द कार्की | |
| २० | कम्प्यूटर अपरेटर | श्री ऋषिराम राना | |
| २१ | रोजगार सहायक | श्री तिलक राना | |
| २२ | | | |

Scanned with CamScanner

कालिगण्डकी गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रस्तावहरु

१.. समपुरक अनुदानका योजना प्रस्ताव गर्ने सम्बन्धमा ।

२. प्रदेश समुपरक अनुदानका लागि योजना प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

३. संघीय विशेष अनुदानको लागि योजना प्रस्ताव गर्ने सम्बन्धमा ।

४. प्रदेश विशेष अनुदानको लागि योजना प्रसेताव गर्ने सम्बन्धमा ।

५. स्थानीय उत्पादन विक्रि बितरणको लागि सटर भाडामा लिने सम्बन्धमा ।

६. चालु आ.व.का योजनाहरुको पुनः ठेक्का आह्वान गर्ने सम्बन्धमा ।

७. दुर्गाभवन मा.वि.को विषय परिवर्तन सम्बन्धमा ।

८. अ.न.मि पार्वती दर्लामीको असाधारण बिदा स्वीकृती सम्बन्धमा ।

९. सामुदायिक स्वास्थ्य इकाइ संचालन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

१०. विज्ञापन प्रकाशन सम्बन्धमा ।

११. गाउँपालिकाबाट सेवा प्रवाह गर्दा भूमिकर (तिरो) तिरेको रसिद अनिवार्य गर्ने ।

१२. आर्थिक सहायता प्रदान सम्बन्धमा ।

१३. खड्गदेवी मन्दिरको कम्पाउण्ड वाल पुननिर्माण सम्बन्धमा ।

१४. MBBS अध्ययन छात्रवृति उपलब्ध गराउने सम्बन्धमा ।

१५. कार्यविधिहरु स्वीकृत गर्ने

१६. दोविल्ला सिंचाइ योजना निर्माणको लागि उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा अनुरोध गर्ने सम्बन्धमा

निर्णयहरु

१. आगामी आ.व. २०८२।८३ को संघीय समपुरक अनुदानको लागि देहायका योजनाहरु प्राथमिकताक्रम निर्धारण गरी प्रस्ताव गर्ने ।

क. पूर्तिघाट भाङखर्क दमार सिरेनी सडक स्तरोन्नती (क्रमागत)

ख. उर्लेनी चापाखोर देउराली तोलाकोट सडक स्तरोन्नती

ग. हर्मिचौर तुथुम गिदुवा सडक स्तरोन्नती

घ. अर्वेनी खर्क भएकोट बिसौना हिले सत्यवती सडक स्तरोन्नती

२. आगामी आ.व. २०८२।८३ को प्रदेश समपुरक अनुदानको लागि देहायका योजनाहरु प्रस्ताव गर्ने

क. वडा नं ६ को वडा कार्यालय भवन

ख. वडा नं ५ को वडा कार्यालय भवन

ग. वडा नं ३ को वडा कार्यालय भवन

घ. लेन्टुङ जयखानी मोटरबोटो

३. संघीय विशेष अनुदानको लागि देहायका योजनाहरु प्रस्ताव गर्ने

वेद बहादुर थापा
अध्यक्ष

क. अर्वेनी स्वास्थ्य चौकी भवन

ख. खड्गकोट स्वास्थ्य चौकी भवन

ग. पूर्तिघाट स्वास्थ्य चौकी भवन

घ. हर्मिचौर स्वास्थ्यचौकी भवन निर्माण, कालिगण्डकी १

ङ. देउराली मा.वि खड्गकोककटको छात्रावास भवन

४. प्रदेश विशेष अनुदान तर्फ

क. दुर्गाभवन मा.विको छात्रवास भवन निर्माण

ख. छ सय सिंचाई कुलो निर्माण

५. बजारीकरणको लागि बुटबल मण्डीमा एक वटा सटर भाडामा लिन नियमानुसार सम्झौता गर्ने र उक्त स्थानबाट कालिगण्डकी गाउँपालिकाभित्र उत्पादिन सम्पूर्ण कृषि उपजहरु नियमित बिक्रि वितरणको व्यवस्था गर्ने गरी आवश्यक कार्यविधि तयार गर्ने ।

६. चालु आ.व.मा ठेक्का लगाइ ठेक्का सम्झौता समेत भै सकेका देहायका योजनाहरुमा बाँकी रकमबाट पुन ठेक्का आह्वान गर्ने ।

क. राक्से सालफेद द्वारढुङ्गा भएकोट सडक स्तरोन्नती

ख. पूर्तिघाट भाङखर्क दमार सिरेनी सडक स्तरोन्नती

ग. पुर्तिघाट सडक पुर्वाधार निर्माण योजना

७. कालिगण्डकी गाउँपालिका वडा नं ७ को दुर्गाभवन मा.विको गणित/विज्ञांन विषयको निम्न माध्यामिक तहको स्वीकृत दरबन्दी रिक्त रहेकोले उक्त दरबन्दी गणित विषय कायम गर्ने गरी विषय परिवर्तनको लागि विद्यालय व्यवस्थापन समितिको मिति २०८१/९/०५ को सहित निवेदन प्राप्त भएको हुँदा माग अनुसारको विषय परिवर्तनको स्वीकृतिका लागि शिक्षा विकास तथा समन्वय इकाई गुल्मीमा लेखि पठाउने ।

८. यस कालिगण्डकी गाउँपालिका अन्तर्गत पूर्तिघाट स्वास्थ्य चौकीमा नेपाल स्वास्थ्य सेवा, प.हे.नं समह, स्वास्थ्य समुह, चौथो तह, अ.न.मि पदमा कार्यरत पार्वती दर्लामी पति राजेन्द्र पुनलाई Aplastic Anaemia रोगका कारण उपचारका लागि असाधारण विदाको लागि निवेदन पेश गरेको हुँदा निजलाई नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५४ बमोजिम मिति २०८१।१०।०१ देखि २०८२।०९।३० सम्मका लागि १ वर्ष असाधारण बिदा स्वीकृतिका लागि प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सिफारिस गर्ने र निजको स्थानमा करारमा कर्मचारी भर्ना गर्ने ।

९. कालिगण्डकी गाउँपालिकाको सामुदायिक स्वास्थ्य इकाई संचालन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने । उक्त कार्यविधि बमोजिम कालिगण्डकी गाउँपालिका वडा नं ६ खड्गकोटमा निर्माण सम्पन्न समेत भै सकेको सामुदायिक स्वास्थ्य इकाइको लागि एक जना अ.हे.व पदमा कर्मचारी करारमा पूर्ति गर्ने ।

१०. कालिगण्डकी गाउँपालिका गाउँकार्यपालिका अन्तर्गत रिक्त रहेका देहायका पदहरुमा कालिगण्डकी गाउँपालिकाको करारमा प्राविधिक तथा श्रेणी बिहिन कर्मचारी पदपुर्ति सम्बन्धी कार्यविधि, बमोजिम करारमा परिपुर्ति गर्ने गरी विज्ञापन प्रकाशन गर्ने ।

वेद बहादुर थापा
अध्यक्ष

Scanned with CamScanner

क. वरिष्ठ कविराज निरिक्षक (अधिकृतस्तर छैटौ तह) १ जना

ख. फिल्ड सहायक १ जना

ग. कार्यालय सहयोगी १ जना

११. कालिगण्डकी गाउँपालिका आन्तरिक स्रोत वृद्धि गर्न, नागरिकहरुमा समयमै राज्यलाई कर बुझाउने संस्कारको विकास गर्न तथा नागरिकहरुलाई अधिक जरिवाना तिर्नुपर्ने अवस्था आउन नदिन गाउँपालिकाबाट प्रवाह हुने सबै किसिमका सेवा सुविधा उपलब्ध गराउँदा सो अवधिसम्मको भूमिकर (तिरो) अनिवार्य गर्ने ।

१२. गुल्मी जिल्ला छत्रकोट गाउँपालिका वडा नं ५ का वडा अध्यक्ष श्री रामप्रसाद कंडेलको मृगौला फेल भएर उपचाररत भएको र निजको आर्थिक अवस्था कमजोर भै आर्थिक सहायताको लागि निवेदन पेश भएको हुँदा निजको उपचारको लागि रु २५ हजार आर्थिक सहायता प्रदान गर्ने । कालिगण्डकी गाउँपालिका वडा नं ७ निवासी रनु गिरीको शव व्यवस्थापन तथा पोष्ट मार्टमका लागि तम्घास लैजादा लागेको गाडी भाडा बापतको रकम रु. २० हजार सहयोग स्वरुप भुक्तानी गर्ने ।

१३. कालिगण्डकी गाउँपालिका वडा नं ६ स्थित खनियापाटा खडगदेवी मन्दिर को कम्पाउण्डको पर्खाल वर्षातको कारण भत्किएको हुँदा प्राविधिक मूल्यांकन अनुसारको लागत रकम विपद् व्यवस्थापन कोष बाट खर्च हुने गरी पुननिर्माण गर्ने ।

१४.कालिगण्डकी गाउँपालिका वडा नं ६ निवासी कृष्ण प्रसाद ढकालले नेपाल सरकारबाट MBBS अध्ययनको (Paying categary) लागि छनौट भएको हुँदा गाउँपालिकाको छात्रवृत्ति उपलब्ध गराउने सम्बन्धी कार्यविधि बमोजिम अध्ययन सम्पन्न पछी गाउँपालिकामा सेवा गर्ने प्रतिवद्धता बमोजिम रु. १० लाख भर्ना शुल्क काठमाडौं विश्वविद्यालयलाई उपलब्ध गराउने ।

१५. कालिगण्डकी गाउँपालिकाबाट तर्जुमा भएका देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने ।

क. स्थानीय पूर्वाधार योजना संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

ख. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१

ग. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०८१

घ. गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१

ङ. कामका लागि पारिश्रमिकमा आधारित उत्पादनमूलक योजनाहरु (संचालन तथा व्यवस्थापन) कार्यविधि, २०८१

१६. दोविल्ला लिफ्टिङ सिंचाइ योजना कालिगण्डकी १ को DPR समेत सम्पन्न भैसकेको हुँदा उक्त निर्माणको लागि उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय मा अनुरोध गर्ने

Scanned with CamScanner